# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८१/११/१५)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/११/१३ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ फाल्गुन १३ गतेको कार्यपालिका बैठकमा पेश भएका र पारित भएका

**प्रस्तावहरू**

१. प्रदेश समपूरक र विशेष योजना माग सम्बन्धमा,
२. ठेक्का सम्झौता सम्बन्धमा
३. विविध,

**निर्णयहरू**

**१.** प्रस्ताव नं. १ माथि छलफल गर्दा, आ.व २०८२/८३ का लागि प्रदेश सरकारबाट स्थानीय तहमा सञ्चालन हुने समूरक र विशेष अनुदान अन्तर्गत तपशीलका योजना मागको लागि प्राथमिकीकरण गरी पठाउने निर्णय गरियो।

तपसील

***प्रदेश समपूरक अनुदानतर्फ***

**क.** ताकम हिलापोखरी हुँदै सोलबाङ मोटरबाटो निर्माण तथा स्तरोन्नती ध.गा.पा. ७ र ३,

ख. मराङ ठूलो गाउँबीचमा ढल निकास योजना, ध.गा.पा. वडा नं. ६ मराङ

***प्रदेश विशेष योजना तर्फ***

क. मल्कबाङ भेडीखाल्टा मोटरबाटो निर्माण योजना ध.गा.पा.५, मल्कबाङ।

ख. जनजागृती मा.वि पुनःनिर्माण योजना ध.गा.पा.५, मल्कबाङ।

**२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा ठेक्का सम्झौता सम्बन्धमा देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. प्रदेश समपुरक योजना अन्तर्गत वडा कार्यालय भवन निर्माण योजना, ध.गा.पा.-०४ मुदी, ठेक्का नं. (DRM/MYAGDI/NCB/W/B/01/2081-82/ को लागि बोलपत्र आह्वान गरिएकोमा पेश भएका बोलपत्रहरू मध्य श्री भगवती मालिका कन्स्ट्रकसन मङ्गला गाउँपालिका ०२ म्याग्दीको न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकोले उक्त फर्मले कबोल गरेको रकम रु ८४,९६,०५५.२४/-(With Vat&Ps) स्वीकृत

गरी आशयको सूचना प्रकाशन गर्ने र कुनै दाविविरोध नआएको खण्डमा उक्त फर्मसँग सम्झौता गर्न गाउँकार्यापालिकाको कार्यालयलाई निर्देशन दिने,

ख. शसर्त बजेट एवं गाउँपालिकाको बजेटमा अधीनमा रही Procurement Supply and Delivery of Medical Goods and Surgical Iteams at Dhawalagiri Rural Municipility कार्यका लागि Contract ID (DRM/MYAGDI/SQ/GOODS/ 02/2081-82 मार्फत शिलवन्दी बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरूमध्ये श्री चिराग फार्मेशी प्रा.ली. पोखरा, कास्की को न्यूनतम मुल्याङ्कित रकम सारभुत रूपमा प्रभावग्राही देखिएकोले उक्त फर्मले कबोल गरेको रकम रू ६,२३,७३४.४३/- (मु.अ.कर तथा पी.एस सहित) स्वीकृत गरी आसयको सूचना प्रकाशन गर्ने र कुनै दाविविरोध नपरोको खण्डमा उक्त फर्मसँग सम्झौता गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने,

ग. संघीय समपूरक योजना अन्तर्गत लुलाङ गुर्जा सडक निर्माण योजना ध.गा.पा.-०१, गुर्जा ठेक्का नं. (DRM/MYAGDI/NCB/W/R/01/081-82/ को लागि बोलपत्र आह्वान गरिएकोमा पेश भएका बोलपत्रहरू मध्य श्री रारा तेन्जिन कन्स्ट्रक्सन प्रा.ली जोरपाटी-०४ काठमाण्डौंको न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकोले उक्त फर्मले कबोल गरेको रकम रु ३२,८९,९८५.६२/-(With Vat&Ps) स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने र कुनै दाविविरोध नआएको खण्डमा उक्त फर्मसँग सम्झौता गर्न गाउँकार्यापालिकाको कार्यालयलाई निर्देशन दिने,

घ. संघीय विशेष योजना अन्तर्गत मच्छिम-हिलापोखरी एक घर एक धारा निर्माण योजना, ध.गा.पा-०७ ताकम ठेक्का नं. (DRM/MYAGDI/NCB/W/Ws/01/081-82/ को लागि बोलपत्र आह्वान गरिएकोमा पेश भएका बोलपत्रहरू मध्य श्री मालिका बागेश्वरी कन्स्ट्रकसन प्र.लि. काठमाण्डौ म.न.पा-१० काठमाण्डौंको न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकोले उक्त फर्मले कबोल गरेको रकम रु ८२,३९,५४६.९५(With Vat & Ps) स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने र कुनै दाविविरोध नआएको खण्डमा उक्त फर्मसँग सम्झौता गर्न गाउँकार्यापालिकाको कार्यालयलाई निर्देशन दिने,

३. विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो,

क. गाउँपालिकाको जग्गा वर्गीकरण कार्यक्रम सम्पन्न भई, प्राप्त भएको प्रतिवेदन स्वीकृत गरी सो प्रतिवेदन प्रमाणित गरिराख्न र सम्झौताबमोजिमको भुक्तनी प्रदान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ख. यस गाउँपालिकको डिजिटल प्रोफाईल निर्माण कार्य सम्पन्न भई प्राप्त भएको प्रतिवेदन स्वीकृत गरी पालिकाको वेवसाइटमा समेत डाटा प्रविष्टी भइसकेकोले सो प्रतिवेदन प्रमाणित गरिराख्न र सम्झौताबमोजिमको भुक्तानी प्रदान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ग. गाउँपालिकामा १ जना अ.हे.व र एकजना अनमी पद रिक्त भएकोले सो पदपुर्तीका लागि विज्ञापन आह्वान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

घ. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराले सञ्चालन गरेको कार्यालय सञ्चालन तथा व्यवाथापन विषयक ३० कार्यदिने सेवाकालीन तालिममा यस गाउँपालिकाको वडा नं. ६ मा कार्यरत वडा सचिव श्री विशाल रोकायालाई कर्मचारी तालिम खर्च शीर्षकबाट दैनिक भ्रमण भत्ता उपलब्ध गराउने।

ङ. म्याग्दी महोत्सवमा  यस धवलागिरी गाउँपालिकाको उत्पादन प्रदर्शनीका लागि व्यवस्थापन बापत लागेको रु साठी हजार रूपैंया विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी गर्ने।

च. तरूण कपमा गाउँपालिकाको तर्फबाट खेलाडी ब्यवस्थापन गर्नका लागि विविध कार्यक्रम खर्च शीर्षकबाट रू १ लाख विनियोजन गरी सोको व्यवस्थापनको जिम्मा शिक्षा युवा तथा खेलकुद शाखालाई दिने।